फोन नं. :- ०२३-४१२०४४

# गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगंज झापा
१ नं. प्रदेश, नेपाल

**आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धि**
**ठेक्का आह्वानको सूचना**
**तेस्रो पटक प्रकाशित मिति : २०७८।०५।१३**

यस गौरीगंज गाउँपालिकाको आ.व. ०७८।०७९ को आन्तरिक आय संकलनका लागि तपसिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरूबाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आह्वान गरिन्छ ।

१) दरभाउपत्र फारम सुचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलको मितिमा निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०७८/०५/१९ गते भित्र कार्यालय समय सम्म दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ ।
२) खरिद भएको दरभाउपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो वा फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७८/०५/२० गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ ।
३) खरिद भएको वोलपत्र तेस्रो पटक प्रकाशित मितिले मिति २०७८/०५/२० गते दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।
५) उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नवीकरणको प्रमाणित प्रतिलिपि स्थानीय फर्मको हकमा गाउ" पालिकामा दर्ता भएको व्यवसाय कर प्रमाण– पत्रको नवीकरण प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।
६) धरौटी वापतको रकम आफुले कबोल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस गौरीगंज गाउँपालिका कार्यालयको नाममा रहेको श्री एन.आई.सि,गौरीगंज, धरौटी खाता नं. ८७२०५००२८४२६००२ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
७) म्याद नाघि आएको रीत नपुगेको वा शर्त राखि पेश भएको वोलपत्र मान्य हुने छैन ।
८) दरभाउपत्र दाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउंमा सहिछाप भएको हुनुपर्नेछ ।
९) यस कार्यालयको हितलाई ध्यानमा राखि दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।
१०) ठेक्का स्वीकृत भई किस्तावन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नुपूर्व र बाकी किस्ताको रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको बैंक ग्यारेन्टी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । सम्झौता समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशतले हुन आउने रकम छुट दिइनेछ तथा समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट गाउ" पालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।
११) ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ ।
१२) ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउने पर्ने सवै प्रकारका कर ठेकेदार स्वयंले बुझाउनु पर्नेछ ।
१३) ठेक्का चलन ठेक्का सम्बन्धि कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ । कानुनले निषेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन ।

१४. आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारीको व्यवस्था ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ । रसिदमा अनिवार्य रुपमा यस गौरीगंज गाउ" पालिका कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ । छाप नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कार्वाही गरिनेछ ।

१५. बोलपत्रदाता र गाउ" पालिका बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउ" पालिकाको निर्णय अन्तिम हुनेछ । यस सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ । अन्य थप जानकारीको लागि यस गौरीगंज गाउ" पालिका गाउ" कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१६. उल्लेखित ठेक्का रकम चालु आ.व.को ठेक्का सम्झौता पछाडीको अवधिको लागि लागू हुनेछ ।

**तपसिल**

| **सूचना नम्बर** | **विवरण** | **न्यूनतम ठेक्का रकम रू.( मुल्य अभिवृद्धि कर वाहेक)** | **फारम दस्तुर रू.** |
|---|---|---|---|
| ०१/०७८/०७९ | हाटबजार कर गौरीगंज गाउ" पालिका क्षेत्र | रू. २२५०००।– | १०००।– |
| ०२/०७८/०७९ | कुञ्जिवारी पशुहाट | रू. ६०००००।– | १०००।– |
| ०३/०७८/०७९ | सडक मर्मत सम्भार तथा स्थानीय विकास सेवा शुल्क गौरीगंज गाउ" पालिका क्षेत्र | रू. ७५००००।– | १०००।– |
| ०४/०७८/०७९ | सवारी साधन पटके कर | रू. ७५०००।– | १०००।– |

प्रमुख प्रशासकीय अधिकृत